# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, भदौ २५ गते, २०७८ साल (अतिरिक्ताङ्क ३६(क)

## भाग ५

नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

## सूचना

### राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८

भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि राष्ट्रिय भूमि आयोग गठन गरी सो आयोगको काम, कर्तव्य र अधिकार समेत तोक्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२क. को उपदफा (३) र दफा ५२ख. को उपदफा (६) बमोजिमको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस आदेशको नाम "राष्ट्रिय भूमि आयोग गठन आदेश,२०७८" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) “आयोग” भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय भूमि आयोग सम्झनु पर्छ।

(ख) “ऐन” भन्नाले भूमि सम्बन्धी ऐन, २०२१ सम्झनु पर्छ।

(ग) "जिल्ला समिति" भन्नाले दफा ८ बमोजिमको जिल्ला समिति सम्झनु पर्छ ।

(घ) “मन्त्रालय” भन्नाले नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्छ।

३. **<u>आयोगको गठन</u>:** (१) नेपालभरका भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोबासीको जग्गा व्यवस्थापन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको राष्ट्रिय भूमि आयोगको गठन हुनेछः-

(क) नेपाल सरकारले नियुक्ति गरेको व्यक्ति -अध्यक्ष

(ख) नेपाल सरकारले नियुक्ति गरेको व्यक्ति -उपाध्यक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) नेपाल सरकारले नियुक्ति गरेको कम्तीमा तीन जना विज्ञ भूमि व्यवस्थापन, कानून र जग्गा नापजाँच क्षेत्रसँग सम्बन्धित एक एक जना) समेत छ जना -सदस्य

(घ) मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम सदस्य नियुक्ति गर्दा कम्तीमा एक जना दलित र एकजना महिला हुनु पर्नेछ।

(३) आयोगको सचिवालय काठमाडौं उपत्यकामा रहनेछ।

४. <u>अध्यक्ष, उपाध्यक्ष तथा सदस्यको पदावधि:</u> (१) आयोग विघटन नभएसम्म आयोगको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य आफ्नो पदमा बहाल रहनेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा आयोगको अध्यक्ष, उपाध्यक्ष वा दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्यलाई जुनसुकै बखत नेपाल सरकारले पदबाट हटाउन सक्नेछ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) इमान्दारीपूर्वक पदीय कर्तव्य पालना नगरेमा,

(ख) कार्यक्षमताको अभाव भएमा,

(ग) शारीरिक तथा मानसिक रुपले अशक्त भई कार्य सम्पादन गर्न असमर्थ भएमा।

(३) उपदफा (२) बमोजिम पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

५. **<u>आयोगको अध्यक्ष, उपाध्यक्ष वा सदस्यको पद रिक्त हुनेः</u>** देहायको अवस्थामा आयोगको अध्यक्ष, उपाध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) आयोगको अध्यक्ष, उपाध्यक्ष वा दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्यले मन्त्रालय मार्फत नेपाल सरकार समक्ष राजीनामा दिएमा,

(ख) दफा ४ को उपदफा (२) बमोजिम पदबाट हटाइएमा,

(ग) निजको मृत्यु भएमा।

६. **<u>आयोगको काम, कर्तव्य र अधिकारः</u>** यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको लागि आधार र मापदण्ड तोक्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत सङ्कलनको लागि आवश्यक कार्यविधि र ढाँचा तयार गरी स्वीकृत गर्ने,

(ग) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन र प्रमाणीकरणको काम स्थानीय तह मार्फत गर्ने,

(घ) सम्बन्धित मालपोत कार्यालयसँग समन्वय गरी सम्बन्धित नापी कार्यालयबाट जग्गा नापजाँच गरी नक्सा स्रेस्ता तयार गर्ने वा गराउन,

(ङ) स्थानीय तहबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्न आवश्यक प्रणालीको विकास गरी सोही प्रणालीको आधारमा अव्यवस्थित बसोबासीको जग्गाको वर्गीकरण गर्ने,

(च) अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराए बापत ऐन बमोजिमको दस्तुर लिने,

(छ) ऐनको दफा ५२ख. को उपदफा (४) बमोजिमको जग्गा हो वा होईन भन्ने सम्बन्धमा प्रदेश सरकार र स्थानीय तहको समन्वयमा यकिन गर्ने वा गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) स्थानीय तहबाट भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरण सम्बन्धी तथ्याङ्क प्राप्त भएपछि सोही बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न कार्यप्रकृया शुरु गर्ने,

(झ) स्थानीय विशिष्टता समेतको आधारमा शहरी क्षेत्रमा सामूहिक आवास वा जग्गा विकासको माध्यमबाट भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णय गर्ने,

(ञ) भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने सम्बन्धमा यो आदेश र प्रचलित अन्य कानूनको अधीनमा रही आवश्यक निर्णय गर्ने,

(ट) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा जुनसुकै निकायसँग कागजात माग गर्न, व्यक्तिलाई झिकाई बुझ्न, कागज गराउन, स्थलगत सर्जमिन गर्न वा गराउन सक्ने,



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) हदबन्दी भन्दा बढी भई रोक्का रहेका जग्गा भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई उपलब्ध गराउने,

(ड) नेपाल सरकारले तोकेका अन्य काम गर्ने ।

७. **आयोगको बैठक सम्बन्धी कार्यविधि:** (१) आयोगको बैठक आयोगको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) उपदफा (१) बमोजिम आयोगको बैठक बस्ने मिति, समय र स्थान तय भएपछि सदस्य-सचिवले बैठकको कार्यसूची, बैठक बस्ने मिति, समय र स्थान समेत खुलाई बैठक बस्नु चौबिस घण्टा अगावै सो को सूचना सदस्यहरुलाई पठाउनु पर्नेछ।

(३) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले आयोगको बैठकको अध्यक्षता गर्नेछ।

(४) आयोगको बैठकमा आवश्यकता अनुसार विज्ञ, सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहका पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

तर बैठकमा आमन्त्रित विज्ञ वा पदाधिकारीलाई मत दिने अधिकार हुनेछैन ।

(५) आयोगको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) अध्यक्ष सहितको बहुमतको राय आयोगको निर्णय मानिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) अध्यक्ष र सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ ।

(८) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

८. <u>**जिल्ला समितिको गठन**</u>: (१) आयोगको काम, कारबाहीलाई सहयोग, समन्वय र सहजीकरण गर्न आवश्यकता र औचित्यको आधारमा जिल्लास्तरमा देहाय बमोजिमको जिल्ला समिति गठन गर्न सकिनेछः-

(क) नेपाल सरकारले नियुक्ति गरेको व्यक्ति -अध्यक्ष

(ख) जिल्ला समन्वय अधिकारी -सदस्य

(ग) प्रमुख, जिल्ला भूमिसुधार तथा मालपोत कार्यालय -सदस्य

(घ) अधिकृत प्रतिनिधि, सम्बन्धित डिभिजन वन कार्यालय -सदस्य

(ङ) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्ला प्रशासन कार्यालय -सदस्य

(च) नेपाल सरकारले नियुक्ति गरेको एक जना विज्ञ सहित दुई जना -सदस्य

(छ) प्रमुख,जिल्ला सदरमुकाम स्थित नापी कार्यालय -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिमको सदस्य नियुक्ति गर्दा कम्तीमा एक जना महिला हुनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) जिल्ला समितिको अध्यक्ष र नेपाल सरकारले नियुक्ति गरेको सदस्यको पदावधि जिल्ला समितिको विघटन नभएसम्म कायम रहनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (२) मा उल्लिखित अवस्था रहेमा नेपाल सरकारले उपदफा (१) को खण्ड (क) बमोजिमको अध्यक्ष वा सोही उपदफाको खण्ड (च) बमोजिमको सदस्यलाई पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निजलाई पदबाट हटाउनु अघि सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) जिल्ला समितिको सचिवालय सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको कार्यालयमा रहनेछ।

९. <u>जिल्ला समितिको बैठक सम्बन्धी कार्यविधिः</u> (१) जिल्ला समितिको बैठक आवश्यकता अनुसार सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) जिल्ला समितिले आवश्यकता अनुसार कुनै पदाधिकारी वा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

तर त्यस्तो पदाधिकारी वा विज्ञलाई मत दिने अधिकार हुनेछैन ।

(३) जिल्ला समितिको बैठकमा कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) जिल्ला समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. **<u>जिल्ला समितिको अध्यक्ष र सदस्यको पद रिक्त हुने अवस्थाः</u>** देहायको अवस्थामा जिल्ला समितिको अध्यक्ष वा सदस्य पद रिक्त भएको मानिनेछः-

(क) मन्त्रालय मार्फत नेपाल सरकार समक्ष राजीनामा दिएमा,

(ख) दफा ८ को उपदफा (४) बमोजिम पदबाट हटाइएमा,

(ग) निजको मृत्यु भएमा।

११. **<u>जिल्ला समितिको काम, कर्तव्य र अधिकारः</u>** जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) आयोगले प्रत्यायोजित गरेका अधिकारको अधीनमा रही कार्य सम्पादन गर्ने,

(ख) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा प्रदेश सरकार र जिल्लाभित्रका स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(ग) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा स्थानीय तहका पदाधिकारीलाई अभिमुखीकरण तालिम दिने,

(घ) आयोगको काम कारबाहीका सम्बन्धमा सरोकारवालासँग छलफल र अन्तरक्रिया गर्ने,

(ङ) आफूले सम्पादन गरेको काम कारबाहीको प्रगति विवरण मासिक रुपमा आयोगमा पठाउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने क्रममा देखिएका समस्या जिल्लास्तरमा समाधान गर्न नसकिने भएमा समस्या समाधानको निकासाको लागि आयोगमा लेखी पठाउने,

(छ) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा स्थानीय तहबाट भए गरेका कार्यको नियमित अनुगमन गर्ने,

(ज) आयोगले तोकेको अन्य काम गर्ने।

१२. **<u>आयोगको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य, जिल्ला समितिको अध्यक्ष तथा सदस्यको योग्यता</u>:** आयोगको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य, जिल्ला समितिको अध्यक्ष तथा सदस्यमा नियुक्त हुनको लागि देहाय बमोजिमको योग्यता हुनु पर्नेछः-

(क) आयोगको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य र जिल्ला समितिको अध्यक्षको लागि स्नातक तह उत्तीर्ण गरेको,

(ख) दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको विज्ञ सदस्यमा नियुक्त हुन भूमि व्यवस्थापन, कानून वा जग्गा नापजाँचको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको,

(ग) दफा ८ को उपदफा (१) को खण्ड (च) बमोजिमको विज्ञ सदस्यमा नियुक्त हुन भूमि व्यवस्थापन, कानून वा जग्गा नाप



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जाँचको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेको,

(घ) जिल्ला समितिको सदस्यमा नियुक्ति हुनको लागि कम्तीमा बाह्र कक्षा(१०+२)वा सो सरहको तह उत्तीर्ण गरेको ।

१३. **पारिश्रमिक तथा अन्य सुविधा:** (१) आयोगका अध्यक्षले राज्यमन्त्री सरहको तलब, भत्ता, चालक सहितको सवारी साधन र इन्धनको सुविधा, उपाध्यक्षले सहायकमन्त्री सरहको तलब, भत्ता, चालक सहितको सवारी साधन र इन्धनको सुविधा तथा सदस्यले राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतले पाए सरहको तलब, भत्ता, चालक सहितको सवारी साधन र ईन्धनको सुविधा पाउनेछ।

(२) जिल्ला समितिका अध्यक्षले राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतले पाए सरहको तलब, भत्ता र दफा ८ को उपदफा (१) को खण्ड (च) बमोजिमको सदस्यले राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतले पाए सरहको तलब भत्ता पाउनेछ।

(३) आयोग र जिल्ला समितिमा काम गर्न दफा २४ बमोजिम खटिएका स्थायी कर्मचारीलाई निजले खाइपाई आएको शुरु तलब स्केलको पच्चीस प्रतिशतले हुन आउने रकम मासिक भत्ताको रुपमा उपलब्ध गराइनेछ।

(४) यस आदेश बमोजिमको कामको लागि फिल्डमा खटिने आयोग र जिल्ला समितिका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा कर्मचारीले प्रचलित कानून बमोजिम तत् तत् पदाधिकारी तथा कर्मचारीले पाए सरहको दैनिक तथा भ्रमण भत्ता पाउनेछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) दफा २४ को उपदफा (२) बमोजिम करारमा भर्ना गरिएका कर्मचारीहरूले तत् तत् तहका निजामती कर्मचारी सरहको शुरु तलब स्केल र भ्रमण गर्दा निजहरुले पाए सरहको दैनिक तथा भ्रमण भत्ता पाउनेछन्।

१४. **सहयोग उपलब्ध गराउनु पर्नेः** (१) आयोग र जिल्ला समितिले यस आदेश बमोजिमको कार्य सम्पादनको लागि आवश्यक पर्ने कागजात, विवरण, प्रमाण, जग्गा दर्ता सम्बन्धी मिसिल तथा अन्य सहयोग उपलब्ध गराई दिन नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह तथा सो अन्तर्गतका कार्यालयमा माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग भई आएमा सम्बन्धित निकायले माग बमोजिमको कागजात, विवरण, प्रमाण, जग्गा दर्ता सम्बन्धी मिसिल तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

१५. **जग्गा लिन नहुनेः** (१) आयोगको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य, जिल्ला समितिको अध्यक्ष तथा सदस्य र आयोग वा जिल्ला समितिको काममा खटिएको कर्मचारी वा निजको परिवारले यस आदेश बमोजिमको जग्गा लिन सक्ने छैनन्।

(२) उपदफा (१) बमोजिम आयोगको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य, जिल्ला समितिको अध्यक्ष तथा सदस्य वा कर्मचारीको नजिकको नातेदारले यस आदेश बमोजिम जग्गा प्राप्तिको लागि निवेदन दिएको वा निजको कुनै स्वार्थ जोडिएको भएमा त्यस्तो आयोगको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य, जिल्ला समितिको अध्यक्ष तथा सदस्य वा कर्मचारीले सोको जानकारी आयोगलाई दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. **कार्ययोजना बनाई काम गर्नुपर्ने:** (१) यस आदेशको कार्यान्वयन गर्न आयोगले आवश्यक कार्ययोजना र कार्यतालिका बनाई लागू गर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले बनाएको कार्ययोजना र कार्यतालिकाको अधीनमा रही जिल्ला समितिले आवश्यक कार्ययोजना र कार्यतालिका बनाई आफ्नो कार्यसम्पादन गर्न सक्नेछ ।

१७. **समन्वय गर्ने:** आयोगले भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि जग्गाको छनौट तथा व्यवस्थापन गर्न आवश्यकता अनुसार प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गर्नेछ।

१८. **नेपाल सरकार समक्ष अनुरोध गर्न सक्ने:** (१) भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने सम्बन्धमा नेपाल सरकारबाट प्रदेश सरकार र स्थानीय तहसँग आवश्यक समन्वय तथा सहजीकरण हुन आवश्यक देखिएमा आयोगले त्यस्तो समन्वय तथा सहजीकरणका लागि मन्त्रालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगबाट अनुरोध भई आएमा नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तह तथा अन्य निकायसँग आवश्यक समन्वय तथा सहजीकरण गर्नेछ।

१९. **जग्गाधनी पूर्जा उपलब्ध गराउने:** (१) आयोगले पहिचान र प्रमाणीकरण गरेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउने जग्गाको नक्सा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्रेस्ता तयार गरी सोही आधारमा जग्गाधनी प्रमाणपूर्जा बनाई वितरणको लागि स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराउँदा सगोलमा रहेका पति पत्नीको संयुक्त नाममा पूर्जा तयार गरी उपलब्ध गराउनु पर्नेछ।

(३) नक्सा तयार गर्ने प्रयोजनको लागि जग्गाको क्षेत्रफल गणना गर्दा वर्ग मिटरमा उल्लेख गर्नु पर्नेछ । त्यसरी जग्गाको क्षेत्रफल वर्गमिटरमा कायम गर्दा दशमलब पछि दुई अङ्कसम्म उल्लेख गर्नु पर्नेछ ।

(४) आयोगबाट स्वीकृत भएका नक्सा सम्बन्धित जिल्लाको सदरमुकाम स्थित नापी कार्यालयको नापी अधिकृतले र जग्गाधनी स्रेस्ता तथा जग्गाधनी प्रमाणपूर्जा भूमिसुधार तथा मालपोत कार्यालयको मालपोत अधिकृत वा मालपोत कार्यालय रहेको स्थानमा सो कार्यालयको प्रमुखले प्रमाणित गर्नु पर्नेछ।

(५) आयोगबाट प्रमाणित अभिलेख सहित नक्सा स्रेस्ता प्राप्त भएपछि मालपोत र नापी कार्यालयले त्यस्तो नक्सा स्रेस्ता लागू गर्नु पर्नेछ ।

२०. **<u>बाँकी काम सम्पन्न गर्ने:</u>** (१) यो आदेश प्रारम्भ हुनु अघि भूमि सम्बन्धी समस्या समाधान गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, समिति वा कार्यदलबाट काम शुरु भई सम्पन्न हुन बाँकी रहेका काम वा भएका निर्णयको कार्यान्वयन समेत आयोगले गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आयोगले जिल्ला समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. **निर्देशन दिन सक्ने:** नेपाल सरकारले आयोगलाई आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु आयोगको कर्तव्य हुनेछ ।

२२. **राजस्व खातामा दाखिल गर्नु पर्ने:** आयोगले अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराए वापत प्राप्त दस्तुर नेपाल सरकारको राजश्व खातामा जम्मा गर्नु पर्नेछ ।

२३. **बजेट सम्बन्धी व्यवस्था:** (१) आयोगले आफ्नो र जिल्ला समितिको लागि आवश्यक पर्ने बजेटको अनुमानित लागत तयार गरी निकासाको लागि मन्त्रालयमा माग गरी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बजेट माग गर्दा वार्षिक कार्यक्रम तथा कार्ययोजना समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बजेट निकासाको लागि माग प्राप्त भए पछि मन्त्रालयले नेपाल सरकारको अर्थ मन्त्रालयमा लेखी पठाउनेछ ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा नेपाल सरकारको अर्थ मन्त्रालयले आयोग र जिल्ला समितिको लागि आवश्यक पर्ने बजेट मन्त्रालय मार्फत निकासा गर्नेछ ।

(५) उपदफा (४) बमोजिम निकासा भएको बजेट मध्येबाट आयोगले जिल्ला समितिलाई आवश्यक पर्ने बजेट उपलब्ध गराउनेछ ।

(६) आयोग र जिल्ला समितिको कार्य सञ्चालनका लागि छुट्टै बैङ्क खाता हुनेछ ।

(७) आयोगको खाता आयोगको सदस्य-सचिव र लेखा अधिकृत वा लेखापालको संयुक्त दस्तखतबाट र जिल्ला



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समितिको खाता समितिको सदस्य-सचिव र लेखा अधिकृत वा लेखापालको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(८) आयोग र जिल्ला समितिको आय-व्ययको लेखा प्रचलित सङ्घीय कानून बमोजिम राखिनेछ ।

(९) आयोग र जिल्ला समितिको लेखा परीक्षण प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ ।

(१०) आर्थिक प्रशासन सम्बन्धी अन्य व्यवस्था प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ ।

२४. **कर्मचारी व्यवस्थापनः** (१) आयोगको कामको लागि आवश्यक पर्ने अनुसूचीमा उल्लेख भए बमोजिमका कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कर्मचारी उपलब्ध नगराएमा आयोगले करार मार्फत कर्मचारी व्यवस्थापन गर्न सक्नेछ।

(३) जिल्ला समितिको लागि आवश्यक पर्ने कर्मचारी प्रमुख जिल्ला अधिकारीले जिल्लास्थित कार्यालयबाट काजमा खटाउनु पर्नेछ।

२५. **प्रतिवेदन पेश गर्नु पर्नेः** (१) आयोगले आफूले गरेका कामको प्रगति विवरण र जिल्ला समितिबाट प्राप्त प्रतिवेदनमा उल्लिखित विवरण समेत समावेश गरी प्रत्येक महिना अन्त्य भएको पन्ध्र दिनभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रालयले नेपाल सरकार समक्ष यथासिघ्र पेश गर्नु पर्नेछ।

(३) जिल्ला समितिले आफूले सम्पादन गरेका कामको प्रगति विवरण प्रत्येक महिना अन्त्य भएको सात दिनभित्र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयोग र प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

२६. **अधिकार प्रत्यायोजन:** (१) नेपाल सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी यस आदेश बमोजिम आयोगले सम्पादन गर्नु पर्ने कार्यको प्रयोजनको लागि देहाय बमोजिमका अधिकार आयोगलाई प्रत्यायोजन गरेको छः-

(क) बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ४, ५, ७, ७क., ८, र१२क. मा उल्लिखित अधिकार,

(ख) जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ३, ५, ६, ६ख., ६घ., ७, ८, ८क., ११, र ११ग. मा उल्लिखित अधिकार,

(ग) उखडा सम्बन्धी ऐन, २०२१ को दफा ३ र ५ मा उल्लिखित अधिकार,

(घ) भूमि सम्बन्धी ऐन, २०२१ को दफा १३, १४, १४क., १५, १६, १८(१),१९, २०, २१, २१ख., २२, २४,५२क., ५२ख., ५२ग., ५२घ. को खण्ड (क) र (ग), ५२ङ.,र ५२च.मा उल्लिखित अधिकार,

(ङ) मालपोत ऐन, २०३४ को दफा ६, ७, ८, ८क., ८ख., २४, २५ र ३२ मा उल्लिखित अधिकार,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) भू -उपयोग ऐन, २०७६ को दफा ४ मा उल्लिखित अधिकार,

(छ) बिर्ता उन्मूलन नियमावली, २०१७ को नियम ३, ३क., ३ग., ४, ५, ६, ७, ८, ९, १०, ११, १३, १५, १६ र २० मा उल्लिखित अधिकार,

(ज) भूमि सम्बन्धी नियमहरु, २०२१ को परिच्छेद-३ मा उल्लिखित अधिकार,

(झ) उखडा सम्बन्धी नियमहरू, २०२१ को नियम ३, ४, र५ मा उल्लिखित अधिकार,

(ञ) मालपोत नियमावली, २०३६ को नियम ३, ४, ४क., ५क., ५घ., २२क. र २३ मा उल्लिखित अधिकार,

(ट) जग्गा नापजाँच नियमावली, २०५८ को नियम ४, ५, ८, ९, १०, १२, १३,१४, १५, १७, १८ र २४ मा उल्लिखित अधिकार।

(२) उपदफा (१) बमोजिमका अधिकारको प्रयोग आयोगको विघटन नभएसम्म आयोग वा आयोगले तोकेको अधिकारीले प्रयोग गर्नेछ।

(३) आयोग वा आयोगले तोकेको अधिकारीले उपदफा (१) मा उल्लिखित ऐन तथा नियमहरु बमोजिमको अधिकारको प्रयोग गर्दा सोही ऐन तथा नियममा उल्लिखित कानूनी व्यवस्थाको पालना र कार्यविधिको प्रयोग गर्नुपर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) आयोगले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार जिल्ला समिति वा कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. **आयोग र जिल्ला समितिको कार्यावधि, म्याद थप र विघटनः** (१) आयोगको कार्यावधि आयोग गठन भएको मितिले तीन वर्षको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र काम सम्पन्न हुन नसकेमा नेपाल सरकारले आयोगको अवधि बढीमा दुई वर्षसम्म थप गर्न सक्नेछ ।

(३) नेपाल सरकारले आवश्यक ठानेमा आयोग वा कुनै वा सबै जिल्ला समिति जुनसुकै बखत विघटन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम आयोग विघटन भएमा जिल्ला समिति समेत स्वतः विघटन हुनेछ।

(५) आयोगको काम सम्पन्न भएपछि वा आयोगको विघटन भएमा आयोग वा जिल्ला समितिबाट भए गरेको काम कारबाही सम्बन्धी निर्णय, अभिलेख, नक्सा र स्रेस्ता लगायतका सम्पूर्ण कागजात आयोगले मन्त्रालयमा वा मन्त्रालयले तोकेको निकायमा हस्तान्तरण गर्नु पर्नेछ।

२८. **खारेजी र बचाउः** (१) भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ खारेज गरिएको छ।

(२) उपदफा (१) मा उल्लिखित आदेश बमोजिम भए गरेका काम कारवाही यसै आदेश बमोजिम भए गरेको मानिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) बमोजिमको आदेश जारी हुनु पूर्व मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१ क) बमोजिम गठन भएका जग्गा दर्ता समितिहरु यो आदेश लागू भएपछि स्वतः खारेज हुनेछन् र त्यस्ता स्वतः खारेज भएका समिति वा आयोग गठन हुनु पूर्व नै म्याद समाप्त भएका जग्गा दर्ता समितिबाट सम्पादन हुन बाँकी काम आयोगले दफा ६ बमोजिमको अधिकार प्रयोग गरी सम्पन्न गर्नेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

(दफा २४ को उपदफा (१) सँग सम्बन्धित)

आयोगको लागि आवश्यक पर्ने कर्मचारीको विवरण

दरबन्दी विवरण

| क्र. सं | पद नाम | श्रेणी | सेवा | समूह | सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | ३ |
| २ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | लेखा | १ |
| ३ | प्रमुख नापी अधिकृत | रा.प.द्वितीय | ईन्जिनियरिङ्ग | सर्भे | २ |
| ४ | उपसचिव (कानून) | रा.प.द्वितीय | न्याय | कानून | १ |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | ५ |
| ६ | नापी अधिकृत | रा.प.तृतीय | ईन्जिनियरिङ्ग | सर्भे | ३ |
| ७ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ |
| ८ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | १ |
| ९ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| १० | नायब सुब्बा/ले.पा | रा.प. अन. प्रथम | प्रशासन | सा.प्र./लेखा | ७ |
| ११ | सर्भेक्षक | रा.प. अन. प्रथम | ईन्जिनियरिङ्ग | सर्भे | ४ |
| १२ | कम्प्युटर अपरेटर | रा.प. अन. प्रथम | विविध | | २ |
| १३ | खरिदार | रा.प. अन. द्वितीय | प्रशासन | सामान्य प्रशासन | २ |
| १४ | सवारी चालक | विहीन | | | ७ |
| १५ | कार्यालय सहयोगी | विहीन | | | ४ |
| जम्मा | | | | | ४४ |

आज्ञाले,
गणेश प्रसाद पाण्डेय
नेपाल सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१०।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।